रम्भा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
Rambha Rural Municipality
Office of the Rural Municipal Executive

Email Id : rambhamun@gmail.com
Website : rambhamun.gov.np
Face book : रम्भा गाउँपालिका

पिपलडाँडा, पाल्पा
Pipaldanda, Palpa
५ नं. प्रदेश, नेपाल
5 No. Province, Nepal


च.नं. (Despatch No.) ९०१
पत्र संख्या : (Ref No.) ०७६/०७७

मिति (Date)........२०७६/१२/१६

विषय (Subject) : सचेत रहौं, नआत्तिउ ।

श्री (Shree) :

आदरणिय रम्भावासी महानुभावहरु ।

वर्तमानमा विश्वव्यापी महामारी वन्दै गएको कोरोना भाईरस रोग वाट हामी पनि गम्भिर भएका छौं , यस संवन्धि मोड अफ ट्रान्समिसनलाई ब्रेक गरी रोकथामका लागि रम्भा गा.पा.वाट यस संविन्ध थुप्रै कृयाकलापहरु अगाडि वढाई रहेका छौं । तथापि वर्तमानमा विदेशवाट आफ्नो घरमा सुरक्षित हुनका लागि मातृभूमिमा आउन् भएका आयातित महानुभावहरुको संख्या वढ्दो क्रममा छ त्यसैले उहाँहरु होम क्वारेन्टाईनमा नवसि दिदा हामी चिन्तित छौं । यस समस्यालाई मध्यनजर राखि रम्भा गा.पा.को व्यवस्थापनमा ५० वेड क्षमताको पालिका स्तरिय २४ सैं घण्टा चिकित्सक तथा स्वास्थ्य कर्मिहरुको निगरानी रहने गरि रम्भा मा.वि.ताहूँ भवन हलमा ४ वटा कोठालाई मिति २०७६/१२/१२ देखि नै सञ्चालनमा ल्याईएको छ तर कतिपय व्यक्तिहरुले यस रोगलाई समान्य रुपमा लिनु भएको छ , समान्य रुपमा नलिन र सचेत हुन पूर्ण रुपमा रोकथामका उपायहरु अवलम्वन गरी नआत्तिन हार्दिक अनुरोध गर्दछु ।

हालसम्म विदेशवाट आई स्वतह स्फूर्त रुपमा आफु , परिवार र मानव समाजलाई सुरक्षित राख्नका लागि स्वा.जाँच र परामर्शको लागि आजसम्म पालिकाको क्वारेन्टाईनमा आउनु भएको संख्या ४६ जना भएको (अरु छिमेकी पालिकाको समेत गरि) ती मध्ये ५ जनालाई समान्य रुघा खोकी,ज्यरो आएकोले क्वारेन्टाईनमा ३ दिन राखिएको मौसमी फ्लयू रुघा खोकी,ज्वरो निको भएकोले सावधानीपूर्वक होम क्वारेन्टाईनमा रहने गरि परामर्श दिई उहाँहरु घरमा जानु भएको र दैनिक रुपमा ५-७ जना स्वास्थ्य परामर्शको लागि क्वारेन्टाईनमा आउने गरेको र अवस्था स्केनिङ् गरि आवश्यकता अनुरुप क्वारेन्टाईनमा राखिएको अवस्था छ ।

पछिल्लो समय रम्भा गा.पा.मा विदेशवाट आयातित महानुभावहरुको संख्या तपसिलमा उल्लेख भए अनुसार वडा वाईज रहेको व्यहोरा जानकारि गराउछु ,साथै निजहरुको व्यक्तिगत विवरणहरु संवन्धित निकायमा पठाई सकिएको छ ।

२०७६।१२।१६.

विष्णु प्रसाद भण्डारी

विष्णु प्रसाद भण्डारी
अध्यक्ष